# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, साउन १६ गते, २०६६ साल (अतिरिक्ताङ्क १८अ

## भाग ५

### निर्वाचन आयोगको
### सूचना १

आयोगले संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ३१ को उपदफा (१) बमोजिम खण्ड ५७, अतिरिक्ताङ्क १५, मिति २०६४/३/२१, खण्ड ५७, अतिरिक्ताङ्क २०(क), मिति २०६४/४/७, खण्ड ५७, अतिरिक्ताङ्क ४६(क), मिति २०६४/९/११ , खण्ड ५७, अतिरिक्ताङ्क ५२, मिति २०६४/१०/१४ र खण्ड ५७, अतिरिक्ताङ्क ५३, मिति २०६४/१०/१५ गतेको नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस आयोगका सूचनाहरुमा उल्लेखित निर्वाचनको लागि राजनैतिक दलहरुलाई वितरण गर्ने निर्वाचन चिन्हहरुको समूहमा आयोगको मिति २०६६/४/१६ को निर्णयानुसार देहायको निर्वाचन चिन्ह थप भएकोले यो सूचना प्रकाशन गरिएको छ :-

<u>निर्वाचन चिन्ह</u>

"नमस्कार गरेको हात"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

निर्वाचन आयोगले "मधेशी जनअधिकार फोरम, नेपालको छुट्टै राजनैतिक दल वा सोही राजनैतिक दलको छुट्टै समूह पहिचान हुने गरी दल दर्ता गर्न निवेदन पेश गरेमा दल दर्ता गर्ने" भन्ने मिति २०६६/४/११ मा निर्णय गरे बमोजिम श्री विजय कुमार गच्छदार अध्यक्ष रहेको "मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)" राजनैतिक दलको नामवाट दल दर्ता गरी पाउँ भनी मिति २०६६/४/१४ मा निवेदन प्राप्त हुन आएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२, निर्वाचन आयोग ऐन, २०६३ दफा २० को उपदफा (१), सोही ऐनको दफा २६ को उपदफा (६), राजनैतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३ को नियम १३ को उपनियम (२) तथा आयोगको मिति २०६६/४/११ को निर्णय बमोजिम "मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)" को नामवाट राजनैतिक दल दर्ता गरी संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ३१ को उपदफा (२) तथा संविधान सभा सदस्य निर्वाचन नियमावली, २०६४ को नियम १९ बमोजिम सो दललाई देहायको निर्वाचन चिन्ह प्रदान गर्ने मिति २०६६/४/१६ मा निर्णय भएकोले यो सूचना प्रकाशन गरिएको छ :-

| **राजनैतिक दलको नाम** | **निर्वाचन चिन्ह** | |
|---|---|---|
| मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक) | "नमस्कार गरेको हात" |  |

आज्ञाले,
भूपेन्द्र प्रसाद पौड्याल
सहसचिव (कानून)



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

२६८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।